नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

मिति: २०८२.०१.३०

# विज्ञप्ती

## चार्टर्ड एकाउन्टेन्सी शिक्षाको नयाँ पाठ्यक्रम लागु गरिएको सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखाव्यवसायको विकास, संरक्षण, संवर्द्धन तथा नियमन गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित नियमनकारी निकाय हो। यस संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को व्यवस्था बमोजिम सन् १९९९ देखि चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्दै आएको छ। संस्थाले प्रदान गर्दै आएको चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई अझ सान्दर्भिक तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक बनाउने उद्देश्यले लेखाव्यवसायको एक अग्रणी संस्था The Institute of Chartered Accountants in England and Wales (ICAEW) सँगको प्राविधिक सहकार्यमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको नयाँ पाठ्यक्रम विकास गरेको छ। यसरी विकास गरिएको नयाँ पाठ्यक्रम चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभूत, मध्यम र अन्तिम तहका लागि क्रमश: December 2025, December 2026 र June 2028 बाट लागु गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको नयाँ पाठ्यक्रम लेखाव्यवसायको सर्वोच्च निकाय International Federation of Accountants (IFAC) बाट जारी भएको International Education Standards (IES) अनुरुप विकास गरिएको छ। Learning Objectives तथा Technical Knowledge Grid को अवधारणा अनुरुप विकास गरिएको यस पाठ्यक्रममा IES को मापदण्ड अनुरुप लेखा क्षेत्रका महत्वपूर्ण पक्षहरु Ethics, Sustainability, Technology, Public Financial Management (PFM) लगायतका विषयवस्तुहरु हरेक विषयको सान्दर्भिकता अनुसार समावेश गरिएको छ। ICAEW सँगको प्राविधिक सहकार्यमा नयाँ पाठ्यक्रम बमोजिम विकास गरिएको उच्च गुणस्तरीय पाठ्यपुस्तकहरुले समग्र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको गुणस्तर अभिवृद्धि हुने अपेक्षा रहेको छ। नयाँ पाठ्यक्रम लागु भए पश्चात् देशलाई आवश्यक दक्ष लेखाव्यवसायी उत्पादन भई देशको समग्र लेखाव्यवसाय क्षेत्रको विकासमा टेवा पुग्ने तथा संस्थाका सदस्यहरुको अन्तर्राष्ट्रिय पहिचान तथा प्रतिस्पर्धी क्षमतामा समेत उल्लेखनीय रुपमा वृद्धि हुने विश्वास लिइएको छ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको नयाँ पाठ्यक्रम बमोजिमको Course Modality तथा नयाँ पाठ्यक्रम लागु गरिने मितिको विस्तृत विवरण **'New CA Course: Syllabus, Modality and Effective Date'** मार्फत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

सिए. सुरेन्द्र भूषण श्रेष्ठ
कार्यकारी निर्देशक

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np
Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np